म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३१७ | शनिबार ११ असार २०७९ | ने. सं. ११४२ तछलागा | 25 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बचत गर्दा ध्यान दिऔं**

सहकारीलगायत वित्तीय संस्थामा
रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वासनियताको परीक्षण गर्न नबिर्सौं । अधिक लाभको लोभमा नफसौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# हेटौंडाको नगरसभा स्थगित, पाँच पालिकाले ल्याए बजेट

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ नेकपा एमालेका नगरसभा सदस्यहरुले बहिष्कार गरेपछि शुक्रबार हुने भनिएको हेटौंडा उपमहानगरपालिकाको नगरसभा स्थगित भएको छ ।

नगरसभामा एमालेका सदस्यहरुले उपस्थिति नै नजनाएपछि बहुमतको लागि आवश्यक गणपुरक संख्या पुग्न सकेको थिएन । ९७ सदस्यीय नगरसभामा नगरप्रमुख र उपप्रमुखसहित ४० जना सदस्यले मात्रै उपस्थिति जनाएका थिए ।

तर, उक्त संख्या नगरसभा सञ्चालनका लागि पर्याप्त थिएन । संविधानतः नगरसभा सञ्चालन गर्न ५१ प्रतिशतको उपस्थिति हुनुपर्दछ । हेटौंडाको नगरसभामा कूल सदस्य संख्याको ४८ जना अनिवार्य उपस्थिति हुनुपर्ने थियो ।

एमालेका नगरसभा सदस्यको उपस्थितिबिना नगरसभा सञ्चालन हुन नसकेको हो । एमालेले विविध माग राख्दै नगरसभामा सहभागी नभएको हो । सहमतिका लागि प्रयास गर्दा सहमति जुट्न नसकेपछि नगर प्रमुख मिनाकुमारी लामाले नगरसभा स्थगित गरेकी हुन् ।

उनले आगामी नगरसभा १२ असारमा राख्ने निर्णय गरेको जानकारी दिइन् । दोस्रो चरणको नगरसभा सञ्चालनका लागि पनि ५१ प्रतिशत सदस्य उपस्थिति हुनुपर्ने व्यवस्था छ । उक्त दिन ५१ प्रतिशत सदस्य अनुपस्थित भए लामाले पुनः नगरसभा स्थगित गरेर तेस्रो चरणको नगरसभा आह्वान गर्ने रणनीति लिनेछिन् ।

तेस्रो चरणको नगरसभामा भने २५ प्रतिशत सदस्यको उपस्थितिमै नगरसभा सञ्चालन गर्न सक्ने व्यवस्था छ । एमाले सहमतिमा नआए उक्त व्यवस्थालाई टेकेर आगामी आर्थिक वर्ष २०७९/०८० का लागि हेटौंडाले नीति तथा कार्यक्रम र करिब २ अर्ब ७० करोडको बजेट प्रस्तुत गर्ने तयारी गरिएको छ ।

३० वैशाखमा भएको स्थानीय तह निर्वाचनबाट हेटौंडाको नगर प्रमुखमा गठबन्धनबाट नेकपा एसकी मिनाकुमारी लामा र उपप्रमुखमा कांग्रेसका राजेश बानियाँ निर्वाचित भएका थिए । एमालेको अवरोधका कारण पहिलो कार्यपालिकादेखि नै हेटौंडा उपमहानगरमा लफडा सुरु भएको हो ।

७ असारमा बसेको कार्यपालिका बैठकमा एमालेले नगर प्रमुखको अधिकार कटौती गर्ने उद्देश्यअनुरुप बैठक सञ्चालन कार्यविधि संशोधन प्रस्ताव लगेको थियो । उक्त प्रस्ताव दर्ता गर्न उपमहानगर नेतृत्व असहत भएपछि एमालेले बहुमत सदस्यको फाइदा उठाउँदै नगरसभा स्थगित गर्नेसम्मको घटना गराउन सफल भएको टिप्पणी भएको छ ।

हेटौंडा उपमहानगर पालिकाको ११ औं नगरसभा बस्न नसकेपछि उपमहानगर नेतृत्व र एमालेको पालिका दलले पत्रकार सम्मेलन गरेर आ-आफ्नो धारणा राखेका थिए ।

हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले मेयरको अधिकार कटौती गर्ने एमाले प्रस्तावमाथि सहमति जनाउन नसकिने बताएका छन् । उनले उपमहानगरको नीति तथा कार्यक्रम र बजेट पास गर्ने नगरसभा स्थगित गराउनेसम्मको गतिविधिले राम्रो सन्देश नजाने बताए । उनले सहमतिका लागि नेतृत्वले संधैप्रयास गरिरहेको भन्दै उचित मागमा मात्रै सम्बोधन हुन सक्ने बताए । उनले सबै दल मिलेर नगरलाई समृद्ध र समन्नुत बनाउनुपर्ने भन्दै लफडा झिकेर नगरबासीको भविष्य अन्धकार बनाउने काममा कुनै दल लाग्नु नहुने धारणा राखेका छन् ।

उक्त बैठक सञ्चालन कार्यविधि हेटौंडाका निवर्तमान मेयर हरिबहादुर महत नेतृत्वको कार्यापालिकाले बनाएको थियो । अघिल्लो निर्वाचनबाट हेटौंडामा एमालेको मेयर, उपमेयरसहित बहुमत सदस्य रहेका थिए ।

एमाले पालिका दलका नेता नवीन सिग्देलले पाँच बुँदे माग अगाडि सार्दै सहमतिका लागि सकारात्मक रहेको बताए । एमाले पार्टी कार्यालयमा भएको पत्रकार सम्मेलनमा बोल्दै उनले बहुमत सदस्य रहेको एमालेसँग छलफल नै नगरी बजेट निर्माणमा एक्लौटी गरेको आरोप लगाए । एमालेले नगर प्रमुख लामामाथि पाँच आरोप लगाएको छ ।

हेटौंडाकी मेयर मीनाकुमारी लामामाथि नेकपा एमाले पाँचवटा गम्भीर आरोप लगाएको छ । नगर प्रमुखको हठ र घमण्डका कारण नगरसभा स्थगित भएको दावी गरेको छ । नगरसभालाई सरल र सहजढंगबाट सञ्चालन गर्नको लागि मकवानपुरमा क्रियाशिल दलहरुका नेताबीचको सहमतिलाई नगर प्रमुखले अटेर गरेको सिग्देलले आरोप लगाए ।

नीति, कार्यक्रम र बजेट निर्माण गर्दा विषयगत समिति नबनाई, कुनैपनि कार्यपालिका सदस्यहरुलाई सहभागी नगराई विधिसम्मत छलफल नभएको उनको भनाइ छ । नगरसभामा पेश गर्नुपर्नेमा नगर प्रमुख र उपप्रमुखले मनोमानी, एकलौटी र असम्बन्धित व्यक्तिहरुको संलग्नतामा बजेट तयार पारेको एमालेको आरोप छ ।

**पाँच पालिकाले ल्याए बजेट**

मकवानपुरको थाहा नगरपालिकासहित चार गाउँपालिकाले आगामी आव २०७९/०८० का लागि नीति तथा कार्यक्रम र बजेट ल्याएका छन् ।

चार वटा गाउँपालिकाले नीति तथा कार्यक्रम ल्याएका छन् । शुक्रबार नीति, कार्यक्रम ल्याएका इन्द्रसरोबर, कैलाश, मनहरी र बकैया गाउँपालिकाले २५ असारभित्र बजेट ल्याउने जानकारी दिएका छन् ।

थाहा नगरपालिका, मकवानपुरगढी, राक्सिराङ, भीमफेदी, बागमती गाउँपालिकाले नीति, कार्यक्रमसँगै बजेट ल्याएका हुन् । थाहा नगरपालिकाले आगामी आवका लागि १ अर्ब ८ करोड ८४ लाख ७ हजारको अनुमानित आयव्यय सार्वजनिक गरेको हो ।

थाहाका उपप्रमुख भरत गोपालीले पालिकाको ११ औं नगर सभामा नीति, कार्यक्रम र बजेट प्रस्तुत गरेका हुन् । उनले चालुतर्फ ९ करोड ९७ लाख ५४ हजार, पूँजीगततर्फ ५१ करोड ७२ लाख १३ हजारको खर्च अनुमान गरेका छन् ।

थाहाले आन्तरिक स्रोत १९ करोड ७९ लाख ५ हजार, राजश्व बाँडफाँड १९ करोड ६८ लाख ८० हजार, संघीय सरकारबाट प्राप्त १७ करोड १६ लाख, प्रदेश सरकारबाट प्राप्त ५ करोड ५ लाख ८२ हजार, सशर्त अनुदान ३२ करोड १४ लाख ४० हजार र सामाजिक सुरक्षा १५ करोडको बजेट बाँडफाँडसहित बजेट पेश गरेको हो । यसैगरी, मकवानपुरगढी गाउँपालिकाले आगामी आवका लागि ६७ करोड ४४ लाख १२ हजार बराबरको अनुमानित बजेट प्रस्तुत गरेको छ । गाउँपालिकाको दोस्रो गाउँसभा तथा प्रथम अधिवेशनबाट उपाध्यक्ष मानकुमारी पाख्रिनले नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेकी थिइन् ।

भीमफेदी गाउँपालिकाको आगामी आवका लागि नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ । गाउँपालिका अध्यक्ष हिदम लामाले करिब ७० करोडको बजेट ल्याएको जानकारी दिए । लामाको सभाध्यक्षतामा शुक्रबार भएको नवौं गाउँसभामा उपाध्यक्ष सञ्जीव श्रेष्ठले कार्यक्रम र बजेट ल्याएका हुन् ।

गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि गाउँपालिकाको वास्तविक आर्थिक, भौगोलिक र सामाजिक अवस्था कोभिड-१९ र मनसुनजन्य जल उत्पन्न प्रकोपबाट सृजित चुनौती तथा गाउँपालिकाको विशेष प्राथमिकतामा परेका विषयलाई आधार मानेर नीति, कार्यक्रम र बजेट ल्याएको अध्यक्ष लामाले जानकारी दिए । भीमफेदीले पूर्वाधार विकाससँगै शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उद्यमशीलता, रोजगारीमा प्राथमिकता दिएको छ ।

जिल्लाको विकट राक्सिराङ गाउँपालिकाले बजेट ६२ करोड ३४ लाखको बजेट सार्वजनिक गरेको छ । शुक्रबार चैनपुरमा भएको गाउँसभाको १२ औं अधिवेशनमा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङले ६२ करोड ३४ लाख १५ हजार आनुमानित बजेट सार्वजनिक गरेका हुन् ।

चालुतर्फ ३५ करोड ७५ लाख ७ हजार ५ सय, पूँजीगततर्फ २६ करोड ५९ लाख ७ हजार ५ सयको खर्च अनुमान गरिएको छ । राक्सिराङलाई संघीय सरकारबाट ४३ करोड ५५ लाख १७ हजार, प्रदेश सरकारबाट ९ करोड ५७ लाख ५८ हजार विभिन्न शीर्षकका बजेट प्राप्त भएको उपाध्यक्ष थिङले बताए । ९ करोड २१ लाख ४० हजार गाउँपालिकाको आन्तरिक आम्दानी अनुमान गरिएको छ ।

बागमती गाउँपालिकाले शुक्रबार नीति तथा कार्यक्रमसँगै बजेट ल्याएको छ । बागमतीले आगामी आवका लागि ६३ करोड १९ लाख १८ हजार बजेट ल्याएको गाउँपालिका अध्यक्ष सर्केश घलानले जानकारी दिए । उनका अनुसार बागमतीले पूर्वाधार विकाससँगै शिक्षा, स्वास्थ्य, कषिमा प्राथमिकतामा दिँदै बजेट ल्याएको हो ।

**चार गाउँपालिकाले ल्याए नीति, कार्यक्रम**

बकैया गाउँपालिकाले आगामी आवका लागि नीति तथा कार्यक्रम मात्रै ल्याएको हो । गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले २५ असारभित्र बजेट ल्याइसक्ने जानकारी दिए ।

शुक्रबार गाउँपालिकाको ८ औं गाउँसभामा उपाध्यक्ष भक्तबहादुर खत्रीले नीति, कार्यक्रम सार्वजनिक गरेका हुन् । बकैयाले भौतिक पूर्वाधार विकाससँगै भूमिहीन नागरिकलाई भूमि र लालपूर्जा दिनेदेखि कृषि तथा पशुपालन, पर्यटन, खेलकुदलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

गाउँपालिकामा करिब ६० प्रतिशत घरधुरीसँग आफ्नो जग्गा प्रमाण पूर्जा प्राप्त नभएको, नापनक्सा समेत नभएको, ऐलानी जग्गा भएको र त्यस्ता जग्गाको तथ्यांक संकलनसमेत भइसकेकोले लालपूर्जा दिन बजेटमार्फत् कार्य अगाडि बढाइने बताएका छन् । गाउँपालिकामा कृषि तथा पशुपालन क्षेत्रको विकास गर्न अनुदानको कार्यक्रमहरुलाई निरन्तरता दिइने उल्लेख छ ।

इन्द्रसरोबर गाउँपालिको पनि शुक्रबार नीति तथा कार्यक्रम मात्रै प्रस्तुत गरेको गाउँपालिका अध्यक्ष देवकुमार पुडासैनी (डिके)ले जानकारी दिए । उनले २५ असारभित्र बजेट ल्याइसक्ने बताए । मनहरी गाउँपालिकाले पनि शुक्रबार नीति तथा कार्यक्रम मात्रै ल्याएको छ । जिल्लाको दुगर्म कैलाश गाउँपालिकाले प्राविधिक शिक्षा अध्ययनमा छात्रवृत्तिदेखि चेली प्रोत्साहन कार्यक्रमलाई अघि बढाउँदै नीति तथा कार्यक्रम ल्याएको छ । गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको सभाध्यक्षतामा भएको गाउँसभामा उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले नीति, कार्यक्रम प्रस्तुत गरेका थिए ।

कैलाशले आगामी बर्षभित्र कम्तिमा २ वटा दुग्ध सहकारी स्थापना गरी दुग्ध संकलन तथा पशुपालन व्यवसायलाई अभिवृद्धि, पशुमा लाग्ने खोरेत, पीपीआर र रेबिज रोग उन्मुलन गर्न निःशुल्क खोप अभियान, जडिबुटी प्रशोधन गर्ने उद्योग स्थापना, स्थानीय जडिबुटी तथा कच्चापदार्थमा आधारित उद्योग स्थापना गर्न अनुदान, पालिकाभित्र स्थापना हुने उद्योगका लागि ३ बर्षसम्म करमा छुटका साथै विद्युत र पानी महसुलमा अनुदान दिइने उल्लेख गरेको छ ।

पूर्वाधारतर्फ चुनियाँ नामटार हुँदै पालिकाको केन्द्रसम्म पुग्ने मुख्य सडकलाई स्तरोन्नति, कालिकाटार गोगने जोड्ने सडक, घुमाउने बुकुटीहुँदै राक्सिराङ-१ जोड्ने सडक, भार्ता मानेभञ्ज्याङ दमारे अल्छे कप्सेरी पकनी सडक, बेतिनी मर्याङकोट आमडाँडा कैलाश ५ सागिने सडकहरूको स्तरोन्नतिका लागि संघ तथा प्रदेश सरकारसंग पहल गर्ने, सडक सञ्जालहरुको समग्र स्तरोन्नति तथा विकासको लागि पालिकास्तरीय सडक गुरुयोजना बनाइने उल्लेख छ ।

**हेटौंडा-सिन्धुली सवारी संचालन सम्बन्धी सूचना**

यस सार्वजनिक मकवानपुर यातायात प्रा.लिद्वारा हेटौंडादेखि सिन्धुलीसम्म हाललाई १८ सिट सम्मको क्षमता भएको १० वटा सवारी मात्र दर्ता गराई संचालनमा ल्याउने भएको हुँदा ईच्छुक महानुभावले यही २०७९ असार मसान्त भित्रमा कम्पनमा आई सवारी दर्ताको लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक मकवानपुर यातायात व्यवसायी प्रा.लि.**
मुख्य कार्यालयः हेटौंडा, १ चाईनाक्वार्टर
फोन नं. ०५७-५२१४३८, ०५७-५२६२३४

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरुः**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

**शुभारम्भ**

YADEA e-SCOOTERS





**Offer**
रू.१०,०००।-
नगद छुट

**YADEA e-SCOOTER का विशेषताहरुः**


- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

**बर्षा ई-अटोमोबाइल्स**
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अन्तरीक्षयात्रीले धेरै अपानवायु छाडेपछि अन्तरीक्ष स्टेशनमा अनौठो गन्ध



काठमाडौं/ अन्तराष्ट्रिय अन्तरीक्ष केन्द्रमा निकै दुर्गन्ध फैलिएको छ । मासु ग्रिल गर्दा बढि डढेर बिग्रिएको जस्तो गन्ध त्यहाँ फैलिएको छ ।

स्पेस स्टेसनमा त्यसरी गन्ध फैलिनुको कारण अन्तरीक्षयात्रीले खानका लागि लगेको मासु कुहिएर भने होइन । वास्तवमा अन्तरीक्षयात्रीले धेरै अपानवायु छाड्न थालेपछि त्यसरी गन्हाएको हो ।

अन्तरीक्षमा १ सय ८६ दिन बिताएका अन्तरीक्षयात्री टिम पिकले स्पेस स्टेशनको दुर्गन्धको खुलासा गरेका हुन् । एक पडकास्टका क्रममा ८ वर्षीय बालकले सोधेको प्रश्नको जवाफ दिने क्रममा उनले अन्तरीक्षयात्रीहरुले पृथ्वीमा भन्दा अन्तरीक्षमा धेरै अपानवायु छाड्ने र सोही कारण स्पेस स्टेशनमा अनौठो गन्ध आउने खुलासा गरे ।

Dirty Mother Pukka पडकास्टका क्रममा उनलाई सोधिएको थियो : तपाइँले हेलमेट लगाइरहेको बेलामा डकार्नु कस्तो हुन्छ ? त्यसको जवाफ दिने क्रममा उनले अन्तरीक्षमा मानिसलाई डकार नै नआउने अनौठो खुलासा गरे ।

उनका अनुसार अन्तरीक्षमा खानेकुरा खाएपछि त्यसको पाचन प्रक्रिया जारी रहँदा पेटमा उत्पन्न हुने ग्यास सरीरमा अन्ननलीबाट माथितर्फ आउँदैन । यसको अर्थ पेटको ग्यास छाड्ने एउटामात्रै बाटो भनेको मलद्वार नै हो । उनले स्पेस स्टेशनमा निकै असाधारण दुर्गन्ध हुने गरेको पनि खुलासा गरे । स्पेस स्टेशनमा फैलिएको पादको गन्ध ग्रिल गर्दा डढेको मासुको जस्तो तिखो तथा निकै नमिठो हुने गरेको उनले बताए ।

- एजेन्सीको सहयोगमा

# एघार महिनामा ३८ अर्बभन्दा बढीको मोबाइल नेपाल भित्रियो



काठमाडौं- चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो एघार महिनामा विभिन्न देशबाट नेपालमा ३८ अर्बभन्दा बढीको मोबाइल फोन भित्रिएको छ । भन्सार विभागका अनुसार २०७८ साउनदेखि २०७९ जेठ मसान्तसम्मको अवधिमा उक्त मूल्य बराबरको मोबाइल फोन नेपाल भित्रिएको हो ।

सो अवधिमा नेपालले कूल ३८ अर्ब ६ करोड ६९ लाख ८७ हजार रुपैयाँको मोबाइल फोन आयात गरेको विभागले जनाएको छ । उक्त मूल्यमा ५५ लाख ८६ हजार ५७८ थान मोबाइल फोन नेपाल भित्रिएको विभागको तथ्यांकले देखाउँछ । नेपालमा सबैभन्दा बढी मोबाइल फोन चीन, भारत, भियतनाम, युनाइटेड अरब इमिरेट्स (युएई), अमेरिका र बंगलादेशबाट आउने गरेको छ । पछिल्लो ११ महिनामा चीनबाट २२ अर्ब ७७ करोड ९१ लाख ८९ हजार रुपैयाँ, भारतबाट १२ अर्ब ७८ करोड ७५ लाख १७ हजार रुपैयाँ, भियतनामबाट १ अर्ब ६७ करोड १६ लाख २८ हजार र युएईबाट २७ करोड ८१ लाख ६४ हजार रुपैयाँको मोबाइल फोन नेपाल भित्रिएको छ ।

-साभार: इकागज

**यौन/जीवनशैली**

# यो हो बुवा बन्ने सही उमेर, त्यसपछि शुक्रकिट खराब हुन थाल्छन्



बच्चा जन्माउनका लागि महिलाको उमेर महत्वपूर्ण हुने तर पुरुष जुनसुकै उमेरमा पनि बुवा बन्न सकिहाल्छ नि भन्ने मान्यता राखिन्छ । यो कुरा साँचो हो त ? होइन । बच्चा जन्माउनका लागि महिलाको उमेर जति महत्वपूर्ण छ, त्यति नै महत्वपूर्ण पुरुषको उमेर पनि हुन्छ । उमेर बढेसँगै पुरुषमा स्पर्म काउन्ट र यसको गुणस्तरमा भारी गिरावट देखिने गर्छ ।

***पिता बन्ने सही उमेर:***

विशेषज्ञका अनुसार २० देखि ३० वर्षको उमेरमा पिता बन्नु सही हो । यद्यपि, ५० वा सोभन्दा बढी उमेरमा पनि पुरुषले बच्चा जन्माउन सक्छन् । गिनिज वर्ल्ड रेकर्डका अनुसार एक व्यक्तिले ९२ वर्षको उमेरमा बच्चा जन्माएका थिए । अनुसन्धानकर्ताका अनुसार आमा-बुवा बन्नका लागि पुरुषको उमेर पनि निकै महत्वपूर्ण हुन्छ । ४० वर्ष कटेपछि पुरुषमा पिता बन्ने सम्भावना कम हुन थाल्छन् ।

***बायोलोजिकल क्लक:***

विशेषज्ञका अनुसार पुरुषमा वीर्य उत्पादनको प्रक्रिया कहिल्यै रोकिँदैन तर उमेर बढेसँगै शुक्रकिटको डिएनए खराब हुने सम्भावना धेरै नै बढ्छ । यसले प्रजनन क्षमता प्रभावित हुन्छ । बच्चाको स्वास्थ्यमा पनि यसको असर नकारात्मक पर्छ । थुप्रै अनुसन्धानमा पत्ता लागेअनुसार उमेर पाको भएपछि पिता बन्दा बच्चामा 'न्युरोडेभलेपमेन्टल डिसअर्डर' हुने गर्दछ । सन् २०१० मा गरिएको एक अध्ययनमा ४० वर्ष कटेपछि पिता बन्दा बच्चामा 'अटिजम स्पेक्ट्रम' विकास हुने खतरा ५ गुणा बढी थियो ।

***कुन उमेरमा स्पर्मको उत्पादन बन्द हुन्छ***

विश्व स्वास्थ्य संगठनले शुक्रकिटका केही मापदण्ड निश्चित गरेको छ जसलाई हेल्दी स्पर्मको रुपमा निर्धारित गर्न सकिनेछ । यसमा स्पर्म काउन्ट, शेप र मुभमेन्ट समावेश छ । यस अनुसार ३५ वर्षको उमेर आसपास पुरुषमा यो स्पर्म प्यारामिटर खराब हुन थाल्छ ।

***यो समय पुरुष हुन्छन् सबैभन्दा धेरै फर्टाइल***

२२ देखि २५ वर्षको बीचमा पुरुष सबैभन्दा धेरै फर्टाइल हुन्छन् । यस्तोमा पुरुषलाई ३५ वर्ष अघि नै पिता बन्ने सल्लाह दिइन्छ किनभने यो उमेरपछि फर्टिलिटी खराब हुन थाल्छ । यदि तपाईं ४५ वर्षको उमेरपछि बच्चा जन्माउने सोच बनाइरहनुभएको छ भने पहिला डाक्टरको सल्लाह लिनुहोस् ।

***यो उमेरमा पिता बन्नु खतरनाक***

जर्नल अफ एपिडेमियोलोजी एन्ड कम्युनिटी हेल्थमा प्रकाशित एक अनुसन्धानमा पत्ता लागे अनुसार २५ वर्ष हुनु अघि पिता बन्दा पुरुषले थुप्रै गम्भीर स्वास्थ्य समस्याको सामना गर्नुपर्ने हुनसक्छ । यस्तो हुनुको कारण के हो भने यो उमेरमा धेरैजसो पुरुष पिता बन्नका लागि मानसिक र शारीरिक रुपमा तयार हुँदैनन् । यदि यो उमेरमा पिता बनिहाले पनि यसको नकारात्मक असरको सामनासमेत गर्नुपर्ने हुनसक्छ ।

**साहित्य**

# ल्यांग फ्यांग




✍ शेखर बास्कोटा

समयचक्र अजिबसंग घुमिरहेछ । पल पल समयको रफ्तार फरकफरक ढंगले परिवर्तन भइरहेछ । एक्कईसौं सताब्दीमा आईपुग्दासमेत यथास्थितिबादीहरु आफ्ना झोले अगाडि पछाडि लगाएर हामी नै सर्वे सर्वा हौं हामीबिना केही हुँदैन, हामी नै नीति निर्माता हामी गणतन्त्र, हामी संघीयताबादी भन्ने घमण्ड पालेर देश बेच्न र लुट्न बाहेक अरु सिद्धान्त नभएको फटाहा नेता भनाउदाका दिन अब विस्तारै संघीयभन्दा फरक नपर्ला कती सम्म सहनु जनताले ?

के कुरामा सहनु कुने एउटा मात्र राम्रो काम गरेको उदाहरण कतै देख्न सुन्न पाइन्छ ? मानिस महंगी र उपचारका कारण भतभत मर्न बाध्य छ तर, रोम जलिरहेछ । शासकहरु पियानो बजाएर बसिरहेछन् । राजदरबारका सेना सयौका संख्यामा घेरिएर बसेका राजालाई बचाउन सकेन र वंश नास भयो यो देशमा । अझै पनि नेता सुरक्षित छु भन्ने कुत्सित मानसिकताको अहं.मा चुर्लुम्म डुबाउछन् । मैले कतै कुनै एउटा पार्टीको नेतालाई नभनेर समग्र नेताका आचरण उल्लेख गर्दैछु ।

समग्रमा भन्ने हो भने मकवानपुरको हकमा विशेषगरी बागमती प्रदेशको राजधानी हेटौंडाले कहिल्याई नेता पाएन । नेता त च्याउ उम्रे जस्तो, वनमाराघारी जस्तो घरै पिच्छे वनै पिच्छे चिया चौलारोदेखि भट्टीसम्म बग्रेल्ती छन् । तर, काम गर्ने, विकास गर्ने भिजन भएको जनताको मन जित्ने जन्मत कठिन भो ।

यहा नेता जन्मेको भए अस्पतालको अवस्था यस्तै हुन्थ्यो ? सडकको अवस्था वयान गरि साध्य छैन । शिक्षाको कुनै नगरौं । फटयाईको पनि सिमा हुन्छ नी, हरेकको हातमा मोवाईल छ । अमेरिकामा कति पानी पऱ्यो अनि बेलायतको तापक्रम कति छ मोबाईल खोल्दा थाहा हुन्छ । कसैले बोका बनाउन सक्छ ? तर पनि हामी बोकै हो । किनकी चुनावका बेला जताजता हरियो घाँस उतै उतै म्यामया गर्छौं ।

अब उपरान्त म्या नगरौं भन्यो मासुभातका भतेरमा पो लर्कनछ है ए गाँठे । यो पार्टी त्यो पार्टी हैन सबैका मतेर चालु छ हामी छाके भतुवा त्यतै मख्खा, चुनाव के हो ? कसलाई कुर्सीमा पुऱ्याउने कस्लाई घोक्रेठ्याक लाउने कमसेकम विवेक त प्रयोग गरौं ।

आफ्नो बाउ हुनकी काका, छिमेकी हुनकी मामा, तीनको औकात कतिको छ काम गर्ने खुवी छकी छैन ? कसैका श्रीमान मऱ्यो श्रीमतीलाई जितायो, कठै हाम्रो विवेक । कति चाँडै भावुक हुन्छौं हामी हैड । कठै हामी । के तातो न छारो नेतालाई गाली गर्नु, हो हामीसंग आइफोन, एन्ड्रोइड सबै प्रकारका मोवाइल छ । दुनीया कसरी अगाडि बढेको छ थहा पनि छ । तर पनि किन बुझ पचाउछौं ? खैर छोडौं, स्थानीय निर्वाचन पाँच वर्षलाई सकिगो । अब संसदीय चुनावमा मोवाइल खोलौंला । दिमागले त काम गरेपो । कि कसो ?

कविता:

# वातावरण राखौं स्वच्छ



✍ प्रजित मैनाली

कक्षा : ८, नवोदय शिशु सदन

वातावरण राखौं स्वच्छ
हुने छैन वातावरण अस्वच्छ
वातावरण राखौं स्वच्छित
हुने छ वातावरण सुगन्धित

वातावरण राखौं सुवासित
हुने छैन वातावरण प्रदूषित
वातावरणको रुख विरुवा न काटौं
हुने छ वातावरण नेरगित
वातावरणलाई हानि हुने उद्योग नखोलौं
खोले पनि बोटविरुवा रोपौं

वातावरण नराखौं प्रदूषित
हुने छ पशु पंक्षीलाई हानि
सै मिली बनेको छ वातावरण सारा
राखौं सधैं सधैं स्वच्छ हराभरा

# अब तिमी उस्तै रहेनौ



✍ अनिता कोइराला

कोभिड- १९ को प्रथम चरण चलिर हेको थियो । हाम्रो मायाको नि सुरुआत हुँदै थियो । आज चौथो चरण चल्ने बेलासम्म यथावत छ । अनेक उतरचढावका बीच त्यही पुरानै मायामा अनि ती सुरुआती दिनहरूमा झैं माया अगाडि बढिरहेको छ ।

जतातते बन्दाबन्दीको समय थियो । एउटा कोठाको मान्छे अर्को कोठाको सँग भेटघाट बन्द थियो । त्यो पल जतातते संक्रमितको संख्या बढिरहेको थियो । मृत्युको खबर दिनदिनै बढ्दो क्रममा थियो । कति आफन्तहरू मृत्युको मुखमा पुगेर फर्किएका थिए ।

अनि कति जना मृत्युका प्यारा बनेर गए । सम्झिँदा अहिले पनि मुटु नै सिरिङ्ग भएर आउँछ । कोठाभाडामा बसाइ न त आफूसँग मिल्ने कोही थियो न त बोल्ने कोही । बाहिर निस्केर हिँड्ने अवस्था थिएन । बजार सबै सुनसान भएको थियो । सहरका यतिका मान्छे कुन्नी कता गायब भएका थिए । आफू बसेको कोठा नि मसानघाटभन्दा कम थिएन ।

त्यो समयमा न त यहाँ मेरो कोही आनो थियो न त परिवारसँग भेट नै हुन्थ्यो । कतिबेला कहाँबाट कस्को मृत्युको खबर आउने हो, केही टुङ्गो थिएन । एक्लै-एक्लै बिताएका ती पलहरू सम्झिँदा अहिले पनि मुटु कामेर आउँछ । भाडाको बसाइ थियो । घरबेटी पनि दिउँसोको समयमा खेतीपाती गर्न गैहाल्थे । बन्द घरको बन्द कोठामा आफू एक्लै अनि चैतको त्यो गर्मी कहाँ बिर्सन सक्छु र म!

बिरक्तिएर पीडामा थिएँ । फेसबुक चलाउँदै गर्दा अचानक एउटा नयाँ मान्छेको फ्रेन्ड रिक्वेस्ट आउँछ, मैले नि याद नै नगरी एसेप्ट गरिदिएँ । त्यहीबाट सुरु हुन्छ हाम्रो माया ।

हाई-हेल्लोबाट सुरु भएको सम्बन्ध यति गहिरो रुप लिन्छ भन्ने हामी दुवैले सोचेका थिएनौं । दिनदिनै कोभिड बढ्दो दरमा थियो । हाम्रो बोलचाल र एसएमएस पनि । उसको त्यो मलिन अनुहार, नि:स्वार्थ माया र उसले मप्रति गर्ने व्यवहारले मलाई ऊबाट टाढा हुन दिएन ।

मैले पनि मेरो घरपरिवार, आफन्तबाट पाउने माया र केयर ऊबाट नै पाउन थालिसकेकी थिएँ । जसरी सूर्यको किरणले हरेक दिनको सुरुआत गर्छ त्यसरी नै उसको फोन र एसएमएसले मेरो दिनको सुरुआत हुन थालेको थियो ।

हरेक दिनको बिहानीसँगै हाम्रो माया पनि निकै अगाडि बढ्न थालिसकेको थियो । हामी एकअर्काको एकदमै केयर गर्न थालेका थियौं । एकअर्कालाई साथ र सपोर्ट गर्नको लागि हामी कहिल्यै पनि पछाडि परेनौं । त्यो समय मेरो लागि ऊ सबैभन्दा खास व्यक्ति थियो । उसको लागि म ।

कोभिडसँगै पलाएको हाम्रो प्रेम पनि थियो । प्रेमलाई हामीले त्यही समयको लागि मात्र सीमित हुन नदिई पहिलो मायाको वार्षिकउत्सव पनि मनाइसकेका थियौं ।
आज पनि मप्रति उसको माया त्यति नै छ ।

मौनताबाट सुरु भएको यो मायामा झगडा गर्ने प्रमुख पात्र चाहिँ सधैं म नै हो । जति रिस उठे पनि उसले कहिलै मेरोसामु मप्रति रिस देखाउन चाहेन, बरु मलाई सम्झाउन बुझाउन सकेन भने ऊ आफै रोइदिन्थ्यो । म पनि उ रोएको हेर्न कहाँ सक्थैं र ? अनि म नि रोइदिन्थैं । त्यसपछिको केही समय मौनता भङ्ग गर्दै फेरि हामीलाई के कुराले यति रुवायो भन्ने प्रश्नको उत्तर खोजी हुन्थ्यो । रुवाइको बीउ पटक लगाएर छोडिन्थ्यो । फेरि गल्ती नगर्ने सर्तहरू हुन्थे ।

साँच्चीकै प्यारो र सुमधुर थियो हाम्रो सम्बन्ध अनि माया । भेट भएको यतिका समयपछि सानो-सानो कुरामा झगडा गर्दै बिताएका ती पल, म रिसाएर नबोल्दा पनि तिमीले फकाएका ती क्षणहरू आज पनि कति प्रिय बनेका छन् । त्यही दिनको याद अनि तिनै पलहरूको सम्झनामा सानु आज पनि पूरै दिन र रातहरू बिताइरहेकी छु । म बोलेर नथाक्ने अनि तिमी मेरो बोली सुनेर नअघाउने मान्छे । आज तिम्रो त्यो मन कति दुखेको छ भनेर अन्दाज लगाउन सक्छु । तर के गर्ने ? अब पहिलाजस्तो माया रहेन, पहिला जस्तो विश्वास रहेन । हाम्रो मायामा बिँझेको काँडालाई न त तिमीले नै निकालेर फाल्न सक्यौ, न त मैले नै निकालेर मिल्काउने आँट गरें । यो बन्द कोठाभित्र एक्लै छटपटीको पीडा भोगेर, तिम्रो मायामा हराएर मुस्कुराउने मलाई अब तिमी कहिल्यै बुझ्न सक्दैनौ माया ।

के कुरामा मेरो गल्ती भयो ? तिमी आफै भनन । तिमीसँग सत्य बोलें, मेरो विगत र वर्तमानमा भएका सबै कुराहरू तिमीसामु प्रकट गरें । मैले मायामा कसरी धोका पाएकी थिएँ, कसरी म ठगिएँ, कसरी म लुटिएँ, यही सत्य त तिमीलाई भनेकी थिएँ नि! केही बनावटी थिएन, केही झुट थिएन, मनमा गह्रौ भारी बोकेर हिँडेकी थिएँ । तिमीसामु सबै कुरा प्रकट गरेपछि मेरो मन त हलुका भयो सानु तर मेरो कहानीले तिमीलाई कठोर बनायो । सम्बन्ध सकिन्थ्यो भने झुट बोल्थें नि ।

साँचो र सत्य बोलेर सम्बन्धमा कहिल्यै मिठास आउँदैन भन्ने सुनेकी थिएँ, आफैमा यो कुरा लागु हुन गयो । साँच्चीकै सत्य कुरा नै सुनेकी रहेछु । आज यो एउटा भएको मन नै बाँडिएर दुई वटा हुन पुगेको छ । सबै कुरा चटक्कै छोडेर, भुलेर तिमीसँगै र माउँ भन्ने एक मन अनि नाईं अब परिस्थिति कहाँ पहिलाजस्तो छ र ? तिमीसँग टाढा भएकै ठिक लाग्ने अर्को मनबीच अल्झेर बितेका यी दिनरातहरू, एउटा निर्णयमा पुग्न नसकेर पिल्सिएका यी भावनाहरू, तिम्रो नजरमा नजर मिलाएर बोल्न नसकेका यी शब्दहरू अनि यो मनमा आँधीबेरीझैं चलेका पुराना यादहरू ।

उफ! म सोच्दासोच्दै कहाँ पुग्छु, के गर्छु थाहा नपाउने भैसकेकी छु । किन-किन मलाई यो सम्बन्धबाट टाढा हुनु छैन । तिम्रो त्यो मायालाई लत्याएर हिँड्न सक्ने आँट पनि आउँदैन । तिमीप्रतिको विश्वास गुमाउन मनै छैन । आज पनि मैले तिमीलाई गर्ने मायामा कमी आएको छैन । तिम्रो भरोसा तोडेर हिँड्ने हिम्मत आएको छैन । जब तिमीसँग कुरा गर्न थाल्छु, तिमी त्यही पहिलाको मेरो तिमी हौ तर फेरि लाग्छ म गलत छु । तिमी अब त्यही तिमी रहेनौ ।

म पनि त्यही म रहिनँ । मनमा भएका इच्छा र चाहनाहरू अब मनमा नै रहँदा उचित सम्झिन्छु । फेरि तिमीसँगै प्रेम चाहन्छु । बाँकी प्रेमील सपना पूरा हुन चाहन्छु । तिमीसँग नभेटी मनैदेखि प्रेम गर्ने धोको छ ।

आऊ न फेरि अन्जान बनेर । समालिदेऊ न सपनीमा छरिएका यी मेरा केशहरू । तिमीसँग त्यही प्रेम चाहन्छु । जुन प्रेमले मलाई माया सिकाएको थियो । तर सायद... यो मनको रहर अब यही मनमा सीमित रहने छ ।

-साभार: सेतोपाटी

# देऊ न दर्शन


ए जून
कति घुम्टोभित्र बसेकी
उघार न घुम्टो
देऊ न दर्शन ।

तिम्रो उज्यालोको
काख नपाएर
हिमालहरू मलिन भइसके
समुद्रमा विद्रोहको छाल
उठिसक्यो ।

तिम्रो वास्नामा
आलोकित हुन नपाएर
फूलहरू मुर्झाइसके
माहुरीहरू भोकाइसके
पुतलीहरू नियास्री सके ।

ए जून
अब त आफ्नो घुम्टो उघार
मसँग किन यत्रो रिस
म जाबो मान्छे न हुँ
न मेरो बुद्धि न मेरो सुद्धी
मलाई त यो शरीर नै प्रिय
एक पलको लागि भए पनि
दृष्टिको भ्रम नै प्रिय
मनको लोभ नै प्रिय
मुट्ठीभर धन नै प्रिय
हिसाबकिताब नै प्रिय
डर नै प्रिय ।

मैले तोडेको वाचामा
यत्रो विद्रोह ?
दोष त तिम्रो पनि हो नि!



✍ अनिता कोइराला

बुद्धिहीन, सुद्धिहीन, दृष्टिहीन
मेरो वाचा पत्याउने
मान्छेको कुरा पत्याउने!

ल भैगो
अब साँच्चै वाचा तोड्दिनँ
अब चाहिँ गल्ती गर्दिनँ
तिम्रै पूजा गर्छु
तिम्रो वरिपरि घुम्छु
तिम्रै पग चुम्छु
तिम्रै नजिकको तारा
हुन्छु ।

ए जून
अब त
उघार न घुम्टो
देऊ न दर्शन ।

# 'एस्ट्रोपड' डेटिङ एप मेड इन स्टार्स सार्वजनिक




काठमाडौं/ अमेरिकामा आधारित नेपाली प्रविधि कम्पनी एस्ट्रो वेद प्रालिले नेपालमा पहिलो पटक डेटिङ एप एस्ट्रोपड सार्वजनिक गरेको छ ।

नेपालमा भरपर्दो डेटिङ एपको उपस्थिति नभएको अवस्थामा प्रयोगकर्तालाई आफ्नो मन मिल्ने जोडी खोज्न सहयोग पुर्याउने हिसाबले आज आषाढ १० गते शुक्रबार कम्पनीले लाजिम्पाटको र्याडिसन होटेलमा एप सार्वजनिक गरेको हो । एस्ट्रो पडको नारा 'मेड इन स्टार्स' राखिएको छ ।

उक्त एप डेभलप गर्ने प्रेरणाका बारेमा एस्ट्रो वेद प्रालिका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत परिवेश कोइरालाले आफू विश्वको सानो हिस्सा भएका कारण विश्वका लागि केही बनाउने प्रवेशद्वारका रुपमा रहेकाले एप डेभलपमेन्टमा विशेषज्ञतासहितको सफ्टवेयर कम्पनी सुरु हाम्रो लक्ष्यका साथ सुरु गरेको बताए ।

'सोही अनुभवलाई नेपालमा पनि बाँड्नका लागि हामीले डेटिङ एप एस्ट्रोपड सार्वजनिक गरेका हौँ । यो अन्य सामान्य डेटिङ एप भन्दा फरक छ,' प्रमुख कार्यकारी अधिकृत कोइरालाले भने, 'यसमा नेपाली युवाहरूले वैदिक ज्योतिष शास्त्रका आधारमा आफूलाई मिल्ने जोडी वा साथीहरू छनोट गर्न सक्ने सुविधा छ र त्यसै आधारमा उनीहरूले कम्प्याटिबिलिटी टेस्ट गरेर जाँच गर्न सकिने सुविधा रहेको छ ।'

परियोजनाको सुरुवाती योजना २०१४ मा मानिसहरूलाई एक आपसमा जोड्न र खुसी आदानप्रदान गर्न आईएम अर्थात् इन्स्ट्यान्ट मेसेजिङलाई कम्पनीको मुख्य भिजनरमिशन बनाउने रहेको थियो । तर पर्याप्त लगानीको अभावका कारण हामीले यसलाई स्थगित गर्नु पर्यो ।

कोइरालाले रिकेश र विवेक नामका साथीहरूसँग मिलेर एउटा सफ्टवेयर कम्पनी सुरु गरे, आफ्नो एपमार्फत विश्वभर नै ज्योतिष विज्ञानसम्बन्धी सेवा दिनका लागि बनेको परियोजनामा गुरु समुन्द्र नामका अर्का सहकर्मी जोडिएपछि यो ४० जनालाई रोजगारी दिने कम्पनीमा परिणत भयो र यसले हाल विश्वभरमा १० लाखभन्दा बढी प्रयोगकर्तालाई सेवा प्रदान गर्दै आइरहेको छ । एस्ट्रो वेद मानिसको जीवन सहज बनाउँदै उनीहरूलाई खुसी जीवन बाँच्न सल्लाह दिने उद्देश्यले ज्योतिषीय सेवा प्रदान गर्ने नेपालमा रहेको कम्पनी हो ।

१० लाखभन्दा बढी मानिसहरूलाई सेवा प्रदान गरिसकेको अनुभवका आधारमा अधिकांश मानिस आफ्नाबारेमा र आफ्ना सहयात्रीहरूसँगको सम्बन्धका बारेमा थाहा नपाएर दुखी हुने गरेको पाइएको छ । यो अन्तरंग जानकारीले यो टोलीलाई एस्ट्रोपड डेटिङ-मेड इन स्टार्स नामक एप निर्माण गरेर उक्त समस्या समाधान गर्ने निस्कर्षमा पुर्‍यायो ।

सबै मानिसलाई आफ्ना जीवनमा आवश्यक खुसी तथा आबद्धता प्रदान गर्ने ९कम्पनीको मौलिक उद्देश्य आईएम बनाउनु थियो । यो मोबाइल एप्लिकेशन कोइरालाको टोलीले सुरुवाती दिनदेखि नै बनाउने सपना देखेका थिए ।

त्यसमार्फतै उनीहरू प्रविधि र आइडियाबाट मात्र नभई ज्योतिष विज्ञानका माध्यमबाट यो सेवा प्रदान गर्न सफल भएका हुन् । ग्रह नक्षत्रले हाम्रा जीवन तथा हामीले अनुसरण गर्ने मार्गलाई निकै प्रभाव पार्छन् भन्ने कम्पनीको विश्वास छ । यस्ता प्रभावलाई सुरुमै थाहा पाउन सक्नु ठूलो उपलब्धि र सम्पत्ति पनि हो । त्यसैले कम्पनीको उद्देश्य अंग्रेजी शब्दावली लभ इज नट इन द एयर रहेको हो । यसको तिर्यक मतलब भने वास्तवमा 'द लभ इज इन द स्टार्स' हो ।

***एस्ट्रोपड म्याच के का लागि ?***

चर्चित डेटिङ एपहरूले मानिसहरूलाई सामान्यतया राम्रा फोटोका साथमा आफ्ना विवरण राखेर आफ्ना विशेषता, व्यवहार, जीवनशैली तथा संवेदनशील पक्षलाई बढी उजागर गर्न प्रेरित गर्छन् ।

यस्तै अन्य डेटिङ एपले प्रयोगकर्तालाई आफू सुहाउँदो जोडी भेट्नका लागि अझै पुराना पट्यार लाग्दा फर्म भराउने अल्गोरिदमलाई पछ्याइरहेका छन् ।

यी डेटिङ एपहरूले प्रत्येक व्यक्तिलाई एक सेट प्रश्नमार्फत पहिचान र वर्गीकरण गर्छन् तर सही जोडी भेट्नका लागि व्यक्तिको वास्तविक प्रवृत्ति तथा संवेदनशील पक्षलाई भने उजागर गर्न सक्दैनन् । यी दुवै अवस्थामा जोडी खोज्न चाहनेले अनलाइनमा भएको उक्त व्यक्ति आफ्ना लागि सही छ या छैन भन्ने थाहा पाउन थुप्रै पटक हिट एन्ड ट्रायल अर्थात् परीक्षणका लागि गरिने कुराकानी तथा भेटघाटमा भर पर्नुपर्ने हुन्छ ।

एस्ट्रोपडले वेदहरुमा भएका जोडी बनाउने पौराणिक ज्ञानलाई हालको तीव्रगतिमा चलिरहेको अत्याधुनिक डेटिङ प्लेटफर्ममा उपलब्ध गराएको छ ।

यसले प्रयोगकर्तालाई कुनै पनि व्यक्ति आफ्ना लागि सही जोडी हो वा होइन भन्ने थाहा पाउन सम्बन्धका लागि आवश्यक मुख्य ७ ओटा पक्षलाई परीक्षण तथा हिसाबकिताब गर्न मद्दत गर्छ ।

यो स्थानका आधारमा काम गर्ने डेटिङ एप हो जसले प्रयोगकर्तालाई दायाँतर्फ स्वाइप गर्नुअघि ज्योतिष विज्ञानका हिसाबले मिल्दो छ वा छैन भन्ने परीक्षण गर्न सघाउँछ । यो एपमा दायाँतर्फ स्वाइप गर्नुको मतलब कुनै पनि प्रयोगकर्ताले उक्त व्यक्तिप्रति चासो देखाएको छ भन्ने बुझाउँछ ।

हाल यो एप नेपालमा डाउनलोड गर्नका लागि गुगलको प्ले स्टोर तथा एप्पलको एप स्टोर दुबैमा उपलब्ध रहेको छ । -खबरहब

# 'प्रेमगञ्ज'को शीर्ष गीत: हिरोले हिरोइनलाई नछोइकनै प्रेमभाव प्रकट



काठमाडौं/ परिच्छेद सेनको डेब्यु निर्देशन रहेको फिल्म 'प्रेमगन्ज'को शीर्ष गीत 'माथि माथि आकाशमा' सार्वजनिक भएको छ ।

गीतमा बेनिशा हमाल, तेज गिरी, राइडर प्रशन र सुप्रिया खनाललाई देख्न सकिन्छ । फिल्मले दुई कालखण्डको प्रेमकथालाई प्रस्तुत गरेको छ । तेज र बेनिशाले युवा उमेरका मैनाराजाको भूमिकामा अभिनय गरेका छन् भने प्रशन र सुप्रियाले जोडीको रुपमा काम गरेका छन् ।

गीतको कोरियोग्राफीमा एकअर्कामा अगाध प्रेम देखाइए पनि एकले अर्कोलाई नछोई प्रेमभाव प्रदर्शन गरेका छन् । कोरियोग्राफीको यो शैलीलाई प्रष्ट पार्दै परिच्छेद भन्छन्, 'चलचित्रको टर्निङ पोइन्ट त्यही नै हो र चलचित्रको सम्पूर्ण कथा उनीहरूको त्यही माया गर्ने शैलीभित्र लुकेको छ ।'

टिजरमा पनि राजाले मैनाको छाँयालाई स्पर्श गर्ने कोशिश गरेको दृश्य देख्न सकिन्छ । टिनएजदेखि युवा अवस्थासम्म एकले अर्कोलाई नछोई कसरी प्रेम गर्न सके ? यो कौतुहलता मेटाउन हल जानुपर्ने निर्देशक परिच्छेद बताउँछन् । कोरियोग्राफी निर्देशक परिच्छेद स्वयंले गरेका हुन् । गीतमा पुरुषोत्तम ढुंगेलको शब्द रचना छ भने किरण भुसालको संगीत छ । सुगम पोखरेल र अस्मिता अधिकारीको आवाज रहेको गीतलाई सञ्जय लामाले छायांकन गरेका हुन् । अनन्तमान श्रेष्ठ कार्यकारी निर्माता रहेको चलचित्रको लेखक पनि परिच्छेद सेन नै हुन् । फिल्मको ट्रेलर साउन १० गते रिलिज हुँदैछ भने भदौ ३ गते नेपाललगायत भारतका केही सहरमा प्रदर्शन हुँदैछ । -साभार: अनलाइनखबर

# रीमतीको हत्या गरेर प्रहरीमा आत्मसमर्पण



अर्घाखाँची/ अर्घाखाँचीको मालारानी गाउँपालिका-२ डाडाकटेरीमा एक पुरुषले आफ्नै श्रीमतीको हत्या गरेका छन् । शुक्रबार दिउँसो साढे २ बजे मालारानी-२ डाडाकटेरीका २७ वर्षीय कमल भुसालले गम्छाले घाँटी कसेर आफ्नै श्रीमती २७ वर्षीया सरु भट्टराई भुसालको हत्या गरेको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी निरीक्षक अर्जुन पौडेलले बताए । दुईजना घरबाट नजिकैको जंगलमा घाँस दाउरा लिन भनी सँगै गएको र आफूले कम्मरमा बाँधेको गम्छाले श्रीमतीको घाँटी कसेर मारी नजिकैको खोल्सीमा स्याउलाले ढाकेर 'श्रीमतीको हत्या गरेँ' भनी भुसाल आफैँ इलाका प्रहरी कार्यालय खनमा गएका थिए ।

प्रहरी निरीक्षक पौडेलका अनुसार घटनास्थलमा प्रहरी पुगिसकेको छ र घटनाका बारेमा अनुसन्धान भइरहेको छ । -रासस

## ९९ हजार ९९९ रुपैयाँ भ्रष्टाचार अभियोगमा अख्तियारद्वारा मुद्दा दायर




काठमाडौं/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ९९ लाख ९९ हजार ९९९ रुपैयाँ बराबरको भ्रष्टाचार गरेको अभियोगमा बाराको जीतपुर सिमरा उपमहानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत र आपूर्तिकर्ता कम्पनीका सञ्चालकविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार आर्थिक वर्ष २०७६/०७७ का लागि उपमहानगर पालिकाको खोलाजन्य सामग्री उत्खननका लागि ठेक्का दिँदा मिलेमतो गरेको पाइएको छ ।

प्रशासकीय अधिकृतले गैरकानूनी तवरले खोलाजन्य सामग्री उत्खनन गर्नेसँग मिलेमतो गरेको पाइएको छ ।

आयोगले प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाईंसहित आपूर्तिकर्ता कम्पनी ओम सप्लायर्सका प्रोप्राइटर ओमशंकर प्रसादविरुद्ध एक करोड ३८ लाख ९९ हजार ९९८ रुपैयाँ बराबरको भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरेको छ ।

# वीरगञ्ज महानगरपालिकाद्वारा तीन अर्ब ३३ करोडको बजेट सार्वजनिक



वीरगञ्ज/ वीरगञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०७९/८० का लागि तीन अर्ब ३३ करोडको बजेट सार्वजनिक गरेको छ । महानगरपालिकाले शुक्रबार वीरगञ्ज-१० मा आयोजना गरेको ११ औं नगरसभामा आगामी आर्थिक वर्ष लागि तीन अर्ब ३३ करोड ६३ लाख २६ हजारको अनुमानित बजेट सार्वजनिक गरेको हो ।

'औद्योगिक तथा व्यापारिक सहर, सुसंस्कृत सभ्य हाम्रो वीरगञ्ज महानगर' भन्ने नारासहित महानगर पालिकाका उपप्रमुख इत्याज आलमले नगरसभामा बजेट प्रस्तुत गर्दै चालुतर्फ कूल बजेटको ६२.०४ प्रतिशत र पूँजीगततर्फ कूल बजेटको ३७.९६ प्रतिशत बजेट विनियोजित गरेको जानकारी दिए । उनले चालुतर्फ दुई अर्ब छ करोड ९८ लाख ५० हजार र पूँजीगततर्फ एक अर्ब २६ करोड ६४ लाख ७५ हजार छुट्याइएको बताए ।

सभालाई बजेट प्रस्तुत गर्दै उपप्रमुख आलमले आन्तरिक आयबाट ९५ करोड, सैंघ सरकारबाट वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँडबाट एक अर्ब ७० करोड ६२ लाख ५८ हजार, मधेस प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँड र विशेष अनुदानबाट सात करोड ९८ लाख २४ हजार, क्षेत्रीय सहरी विकास आयोजनाका लागि दातृ संस्था एशियाली विकास बैंकबाट १२ करोड ६१ लाख ८५ हजार, सडक बोर्ड नेपालबाट दुई करोड, जिल्ला समन्वय समितिको कार्यालय पर्साबाट ९६ लाख, युनिसेफबाट २५ लाख स्रोत प्राप्त हुने अनुमान गरिएको जानकारी दिए । उनले अपुग हुने ४४ करोड १९ लाख ५९ हजार चालु आवको अन्त्यमा स्थानीय सञ्चिती कोषमा रहेको नगद मौज्दातबाट व्यहोरिने बताए ।

बजेट प्रस्तुत गर्दै उपप्रमुख आलमले आउने आवको आगामी साउन १ गतेदेखि लागू हुने गरी महानगरपालिकामा कार्यरत कर्मचारीको तलबमा १५ प्रतिशत वृद्धि गरेको जानकारी दिए । कार्यक्रममा आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख राजेशमान सिंहले स्वास्थ्य, शिक्षा र पूर्वाधारको विकासलाई जोड दिनुका साथै सुशासनलाई प्राथमिकतामा राखिएको जानकारी दिए ।

उनले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाउँदै असारे विकासलाई निरुत्साहित गरिने र महानगरपालिकाको प्रशासनिक सेवालाई चुस्तदुरुस्त बनाउँदै परम्परागत विधिलाई परिमार्जित गर्दै महानगरपालिकाको सबै वडालाई अनलाइन प्रविधिसँग जोडिने बताए ।

-साभार: खबरहब

# इन्डक्सन चुलो: कुन ब्राण्डको कति पर्छ मूल्य ?



काठमाडौं/ महंगी दिन प्रतिदिन बढ्दो छ । सामान्य गृहिणीलाई घरखर्च चलाउन कठिन हुँदै गएको छ । खानेतेलदेखि खाना पकाउने ग्याससम्मको मूल्य बढ्दा उपभोक्ता नराम्ररी आत्तिएका छन् ।

यस्तो अवस्थामा कसरी खर्च कटौती गर्ने ? कसरी घरव्यवहार धान्ने ? विकल्प खोज्न थालिएको छ । अहिले धेरैले ग्यास चुलोको ठाउँमा इन्डक्सन चुलोमा खाना पकाउन थालेका छन् । काठमाडौं कपन निवासी रामप्रसाद लुइँटेलको कुरा गरौं । विगतमा उनको भान्सामा एक सिलिन्डर ग्यास खपत हुन्थ्यो । अहिले उनको भान्सामा इन्डक्सन चुलो छ । 'सस्तो र सजिलो रहेछ,' उनी सुनाउँछन्, 'ग्यास बाल्नुभन्दा इन्डक्सन चुलो प्रयोग गर्न ठीक लाग्यो ।'

प्रा. डा. जगननाथ श्रेष्ठका अनुसार ग्यासको तुलनामा विद्युतीय चुलो ४० प्रतिशत सस्तो पर्न आउँछ । 'बजारमा पाइने इन्डक्सनहरू एकमुखे मात्र हुन्छ,' उनी भन्छन्, 'हामीकहाँ दुईवटा चुलोमा एकसाथ खानेकुरा पकाउने चलन छ । त्यसैले इन्डक्सनमा पकाउन अल्छी गर्छन् । तर इन्डक्सन चुलो निकै राम्रो विकल्प हो ।'

धेरै जनालाई विद्युतीय चुलो भन्ने बित्तिकै सबै एकै प्रकारको हुन्छ भन्ने पनि लाग्न सक्छ । तर विद्युतीय चुलो मुख्यतया इन्डक्सन र इन्फ्रारेड दुई प्रकारको हुने सिटी इलेक्ट्रोनिक्सका सञ्चालक अर्जुन प्रधान बताउँछन् ।

***इन्डक्सन र इन्फ्रारेडमा के फरक छ ?***

इन्फ्रारेड चुलो हेर्दा इन्डक्सन जस्तै देखिए पनि यसको काम गर्ने शैली भने फरक हुन्छ । यसमा ग्यासमा जस्तै सामान्य भाँडा प्रयोग गरेर खाना पकाउन सकिन्छ । इन्डक्सनको तुलनामा यो चुलो अलि महंगो हुने भएकाले र यसले हिटरको जस्तो काम गर्ने भएकाले बजारमा यसको माग र बिक्री कम हुने स्मार्ट फ्यामिली होम अप्लायन्सेसका सञ्चालक सनिश गोतामेले बताए ।

इन्डक्सन चुलोमा ताप सबैतिर समान रूपमा जाने भएकाले ग्यासको तुलनामा यो चुलोमा छिटो खाना पाक्छ । तर इन्डक्सनमा प्रयोग गरिने भाँडा इन्डक्सन बेस नै हुनुपर्छ । बजारमा इन्डक्सन चुलोमा प्रयोग हुने कुकर, कराही र प्यान उपलब्ध छन् ।

***ब्रान्ड***

अहिले नेपालमा विभिन्न ब्रान्डको इन्डक्सन र इन्फ्रारेडहरू उपलब्ध छ । बाल्ट्रा, सीजी, फिलिप्स, बजाज, मिडिया लगायत कम्पनीका चिनियाँ, नेपाली र भारतीय ब्रान्डका इन्डक्सन चुलो नेपाली बजारमा पाउन सकिन्छ । विभिन्न ब्रान्डको इन्डक्सन र इन्फ्रारेड चुलो नेपाली बजारमा उपलब्ध भए पनि एकदमै रुचाइएको ब्रान्ड बाल्ट्रा भएको सिटी इलेक्ट्रोनिक्सका प्रधान बताउँछन् । 'मेरो पसलमा नेपाली ब्रान्ड ओमेगाको पनि इन्डक्सन बिक्रीमा राखिएको छ, तर धेरै बिक्री हुने भनेको बाल्ट्रा नै हो ।'

***मूल्य***

बाल्ट्रा इन्डक्सन चुलोको मूल्य ३५ सयदेखि ४५ सय रुपैयाँसम्म छ । बाल्ट्रा इन्फ्रारेडको भने ४ हजार ९७५ देखि ९ हजार ९०० रुपैयाँसम्म पर्न जान्छ । सीजी डिजिटलको इन्डक्सनको मूल्य ४ हजारदेखि १० हजार रुपैयाँसम्म छ । सीजी इन्फ्रारेड चुलोको मूल्य भने ४ हजार ७ सय देखि ७ हजार ६ सयसम्म पर्छ ।

ओमेगा नेपाली इन्डक्सनको मूल्य भने ४ हजार हो । र, मिडिया चिनियाँ ब्रान्डको इन्डक्सनको मूल्य पनि ४ हजार जति नै पर्न आउँछ । फिलिप्सको इन्डक्सन चुलोलाई ७ हजार ५०० र बजाजको ७ हजार ४०० रुपैयाँ पर्छ ।

***क्षमता***

साधारणतया इन्डक्सन तथा इन्फ्रारेड चुलोहरू १८ सय वाटदेखि २२ सय वाटसम्मको पाइन्छ । तर धेरै चुलो २ हजार वाट क्षमताका हुन्छन् । कुनैकुनै इन्डक्सन र इन्फ्रारेड भने २२ सय वाटभन्दा माथि पनि हुन्छन् ।

***फङ्सन***

इन्डक्सन र इन्फ्रारेड दुवैमा प्राय: एउटै फङ्सन हुने प्रधान बताउँछन् । 'इन्फ्रारेड र इन्डक्सन दुवैमा पुस बटन र टच बटन दुई प्रकारको फङ्सन हुन्छ । पुस बटनको मूल्य अलि कम पर्न भने टच बटनको मूल्य बढी कम पर्छ ।' इन्डक्सनको मूल्य अनुसार फङ्सन फरकफरक हुन्छ । कुनै टच बटनवाला हुन्छ भने कुनै पुस बटन, कुनै अलि ठूलो साइजको हुन्छ भने कुनै अलि सानो साइजको हुने बाल्ट्रा इलेक्ट्रोनिक्सका आधिकारिक बिक्रेता धिरज न्यौपाने बताउँछन् । 'इन्डक्सनमा प्रि-सेटिङ गर्ने फङ्सन पनि हुन्छ, उमाल्ने र फ्राइ गर्ने सेटिङ गर्न मिल्छ ।' त्यस्तै इन्डक्सनमा डिप फ्राइ, प्रेसर कुकर र कडी लगायतका फङ्सन हुन्छन् भने इन्फ्रारेड भने कुनै फङ्सन नहुने स्मार्ट फ्यामिली होम अप्लायन्सेसका गोतामेले बताए ।

***भाँडाकुँडा कस्तो प्रयोग गर्ने ?***

इन्डक्सन चुलोमा इन्डक्सन बेस भाँडा प्रयोग गर्नुपर्छ । तर इन्फ्रारेडमा जस्तोसुकै भाँडा प्रयोग गर्न मिल्छ । इन्डक्सनमा प्रयोग हुने भाँडाकुँडा इन्डक्सन बेस भएको नै हुन्छ । धेरैलाई एउटा भ्रम पनि छ । सबै भाँडा प्रयोग गर्न मिल्ने इन्डक्सन भनिरहेका हुन्छन् । सबै भाडा प्रयोग हुने इन्डक्सन नभएर इन्फ्रारेड भएको प्रधान बताउँछन् ।

***इन्फ्रारेड र इन्डक्सनमा कुन बढी उपयोगी ?***

इन्डक्सनको तुलनामा इन्फ्रारेडमा बढी बिजुली खपत हुने भएकोले इन्फ्रारेड चुलो भन्दा इन्डक्सन नै बढी उपयोगी हुने बाल्ट्राका न्यौपाने सुझाउँछन् । 'इन्डक्सनमा कम बिजुली खपत हुन्छ भने इन्डक्सनको तुलनामा इन्फ्रारेडमा बढी बिजुली खपत हुन्छ । तर इन्डक्सनमा इन्डक्सन बेस भाँडा मात्र प्रयोग गर्न मिल्छ भने इन्फ्रारेडमा सबै प्रकारको भाँडा प्रयोग गर्न मिल्छ,' उनी भन्छन्, 'दुवैको आ-आफ्नो विशेषता भएकोले कस्टुमरहरुले आवश्यकता अनुसारको विद्युतीय चुलो रोज्न सक्छन् ।'

***विद्युतीय चुलोप्रति आकर्षण बढाउन के गर्ने ?***

प्रा. डा. श्रेष्ठका अनुसार ग्यासको तुलनामा विद्युतीय चुलोमा खाना पकाउँदा ४० प्रतिशतसम्म सस्तो पर्न आउँछ । बजारमा पाइने इन्डक्सन एकमुखे मात्र हुन्छ । तर नेपालीहरूको बानी भात, दाल एकैपटक दुईतिर पकाउने बानी हुन्छ, इन्डक्सनमा एक पटकमा एउटा कुरा मात्र पकाउन मिल्ने भएकाले पनि यो धेरैको रोजाइमा पर्न सकेको छैन । तर आजभोलि बजारमा दुईमुखे इन्डक्सन पनि आउन थालेका छन् । विद्युतीय चुलोको प्रयोग कम हुनुको अर्को कारण भनेको विद्युत आपूर्ति हो । बिहान बेलुका खाना पकाउने समयमा १० मिनेट मात्र बत्ती गयो भने पनि खाना बिग्रन्छ ।

श्रेष्ठ भन्छन्, 'नेपालभर एक दिनमा एक लाख सिलिन्डर एलपीजी ग्यास खपत हुन्छ । ग्यासलाई विस्थापित गर्ने हो भने नेपालको विद्युतीय सप्लाई गुणस्तरीय बनाउनुपर्छ । अनि मात्र विद्युतीय चुलोको खपत बढ्दै जान्छ ।' -साभार: अनलाइन

## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७९ साल असार ७ गते हेटौंडा-२, फिटनेस जिम हाउस अगाडी पार्किङ्ग गरिरहेको अवस्थाबाट करिब बेलुका ७:३० बजेदेखि ८:०० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ४७९१
**मोटरसाइकल धनीको नाम:** हुलास अटो (श्रीराम कठायत)
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो निलो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२२
**चेचिस नम्बर:** MD2A13EX0MCJ98697
**इन्जिन नम्बर:** DKXCMJ32097
**सम्पर्क फोन नम्बर:** ९८४५४००७३९

## आकर्षक घडेरी बिक्रिमा

हेटौडा उपमहानगरपालिका-१२ हात्तिगौडा, रमेशचोकमा १० धुरको आकर्षक घडेरी बिक्रीमा छ । पानी, विजुली र राम्रो बाटो पुगेको मुख्य चोकमा अवस्थित घडेरी किन्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोस् ।
सम्पर्क: ९८४५०७१०६५, ९८४५२९०३९१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# थाहा नगरमा नमुना युवा नगरसभाको अभ्यास

साझाकुरा संवाददाता

हेटौँडा, १० असार/ पूर्वी मकवानपुरको थाहा नगरपालिकामा नमुना युवा नगरसभाको अभ्यास सम्बन्धी ४ दिवसीय प्रशिक्षण भएको छ ।

नगरपालिकाको आयोजना तथा जिल्ला युवा समिति कार्यालय मकवानपुरको संयोजनमा पटक आयोजना भएको नमुना युवा नगरसभाको अभ्यास सम्बन्धी ४ दिवसीय प्रशिक्षण कार्यक्रम बुधबार सम्पन्न भएको हो । असार ५ गते आइतबार देखि सुरु भएको कार्यक्रममा ४ दिनसम्म नमुना नगरसभा सञ्चालन गरिएको थियो ।

नमुना नगरसभालाई नगर सभा अध्यक्ष तथा नमुना युवा नगर प्रमुख बिस्मिता गोपालीले सञ्चालन गरेकी थिइन् । नमुना नगरसभामा उपाध्यक्ष ओमस प्रधानले बजेट वक्तव्य, विनियोजन विधेयक २०७८ र आर्थिक विधेयक २०७८ पेश गर्दै पारित भएको थियो ।

थाहा नगरपालिकाका १२ वटै वडाका ४५ जना युवाहरुलाई युवा नीति, नेतृत्व, राज्यप्रणाली, नेतृत्व विकास, युवा मार्गदर्शन, नगरपरिषद् तथा यसको संरचनालगायतका विषयवस्तुमा प्रशिक्षण प्रदान गरिएको जिल्ला युवा समितिका अध्यक्ष शिवहरि दाहालले जानकारी दिए ।



अध्यक्ष दाहालले तालिममा युवा जीवन र मार्गदर्शन, लोकतन्त्र र लोकतान्त्रिक संस्कृति, सूचनाको हक, नेपालमा युवा संसदको अवधारणा र अभ्यास, युवा क्लब र युवा क्लव गठन प्रक्रिया, स्थानीय योजना निर्माणका सात तहहरु र बस्तिस्तरको योजना निर्माणमा युवा क्लबको भूमिका, नगरसभा सञ्चालन सम्बन्धी कार्यविधि तथा गाउँ र नगरसभामा पालना गर्नुपर्ने नियमहरुका विषयमा समेत राष्ट्रिय प्रशिक्षक मुना तिवारी र अशोक खनालले सहजीकरण गरेका थिए । प्रशिक्षण कार्यक्रमको थाहा नगरपालिकाको नगर प्रमुख बिष्णु बहादुर बिष्टले उद्घाटन गरेका थिए । कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, विभिन्न वडाका वडा अध्यक्षहरु, जिल्ला युवा समितिका अध्यक्ष शिबहरि दाहाल, सामाजिक बिकास शाखाका प्रमुख अनिल लामिछाने, समाजसेवी बिमल कुमार ढकाल, शिक्षाबिद सानोभाइ कार्की, युवा अभियान्ता दिनेश कार्की, थाहा नगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानलगायतको उपस्थिति रहेको थियो ।

# नगरस्तरीय निबन्ध प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौँडा, १० असार/ हेटौँडामा आधारभूत तहको नगरस्तरीय निबन्ध प्रतियोगिता हुने भएको छ ।

असार १३ गते सोमबार प्रतियोगिता हुने भएको हो । कोरोनाले शिक्षामा पारेको प्रभाव शिर्षकमा प्रतियोगितामा सहभागीहरुले निबन्ध लेख्नुपर्ने जनाइएको छ ।

प्रतियोगिता हेटौंडा-१५ स्थित वनदेवी आधारभूत विद्यालयको आयोजना तथा शिक्षा विकास महाशाखा हेटौँडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा हुन लागेको हो । हेटौँडा उपमहानगरभरका ७, ८, १४ र १५ वडाका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी प्रतियोगितामा सहभागी हुन पाउने शिक्षक भावना सापकोटाले जानकारी दिइन् । पाँच सय शब्दमा निबन्ध लेख्नुपर्ने बताइएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्तवना (२ जना) हुनेहरुले क्रमशः ६ हजार, ४ हजार, २ हजार र एक हजार ५ सय रुपैयाँ पुरस्कार प्राप्त गरिने उनले बताइन् ।

# हेटौंडामा महिला उद्यमी मेला हुने

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ हेटौंडामा पहिलो पटक प्रदेशस्तरीय व्यवसायीक शिक्षासहितको महिला उद्यमी सम्मेलन तथा उपज प्रदर्शनी मेला हुने भएको छ ।

हेटौंडाको रोयल पार्टी प्यालेसमा आगामी १३ र १४ असारमा मेला हुँदैछ । मेला उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आयोजना र नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश समिति तथा प्रदेश महिला उद्यमी समितिको समन्वयमा हुन लागेको हो । महिलाले उत्पादन गरेको सबै प्रकारको उपजहरुलाई प्रदर्शनीमा राखिने नेपाल घरेलु तथा साना उद्योग महासंघ बागमती प्रदेश समिति कार्यवाहक अध्यक्ष तथा प्रदर्शनी कार्यक्रमका संयोजक तारानाथ चौलागाईले शुक्रबार पत्रकार सम्मेलन गर्दै जानकारी दिएका छन् । प्रदर्शनीमा कम्तिमा ५० वटा स्टलहरुमा महिलाले उत्पादन गरेको उपजहरु राखिने उनले बताए ।

मेलामा प्रदेशका १३ जिल्लामा ३९ जना उद्यमीहरु उपज प्रदर्शनीमा सहभागी हुनेछन् । प्रदेशको १३ वटै जिल्लाबाट ७८ जना महिला उद्यामी प्रतिनिधिहरु, ३२ जना प्रदेश समिति तथा स्थानीय महिला उद्यमीहरु र २० जना आमन्त्री महिला उद्यमीहरु सहभागी हुने जनाइएको छ । उपज प्रदर्शनीको लागि निःशुल्क स्टल र बस्ने र खाने व्यवस्था आयोजकले व्यहोर्ने चौलागाईंले बताए ।

मेलामा व्यवसयीक कार्याशाला हुने जनाइएको छ । कार्यशालामा कसरी व्यवसाय गर्ने भन्ने बारे शिक्षा समेत प्राप्त गर्न सकिने आयोजकले जनाएको छ । विज्ञसँग व्यवसायीक अवसर, चुनौती बारे छलफल र जानकारी हुने, आपसी सम्पर्क बढ्ने हुँदा महिलाको लागि यो अवसर हुने चौलागाईंले दावी गरे । प्रदर्शनीमा ३० लाख खर्च अनुमान गरिएको छ ।

# औषधि व्यवसायी संघको स्थापना दिवसमा मामाघरलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ नेपाल औषधि व्यवसायी संघ मकवानपुरको स्थापना दिवसको अवसरमा मामाघर नेपालमा खाद्यान्न सहयोग गरिएको छ ।

संघको ४९ औं स्थापना दिवसको अवसरमा ३० हजार रुपैयाँ बराबरको खाद्य सामाग्री सहयोग गरिएको हो ।

संघले मामाघर नेपालमा आश्रीत बालबालिकाहरुको लागि ६ बोरा चामल, एक बोरा चिउरा, एक बोरा मस्यौरा, एक बोरा दाल, तेल, लुगा धुने र नुहाउने साबुन सहयोग गरेको संघका अध्यक्ष नारायणलाल श्रेष्ठले जानकारी दिए । खाद्य सामाग्री वितरण कार्यक्रममा मकवानपुरका औषधि व्यवसायीहरुको उपस्थिति रहेको थियो ।



# दुई हजार ८ सय ८८ युनिट रगत संकलन

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ नेपाल रेडक्रस सोसाईटी मकवानपुर अन्तर्गतको रक्त सञ्चार केन्द्र हेटौंडाले हालसम्ममा दुई हजार ८ सय ८८ युनिट रगत संकलन गरेको छ ।

चालु आर्थिक वर्ष २०७८/०७९ को असार १० गतेसम्ममा रक्तसञ्चार केन्द्र हेटौंडाले दुई हजार ८ सय ८८ युनिट रगत संकलन गरेको हो । मकवानपुर जिल्लाभरि ७६ वटा संघ संस्थाले विभिन्न अवसरमा आयोजना तथा रक्त सञ्चार केन्द्र हेटौंडाको प्राविधिक समन्वयमा भएको रक्तदान कार्यक्रममा रगत संकलन गरिएको केन्द्रका प्रमुख टंक दाहालले जानकारी दिए । हाल सम्म दुई हजार ८ सय ८८ युनिट रगत संकलन गरिएकोमा दुई हजार ८ सय ७१ रगत वितरण गरिएको प्रमुख दाहालले बताए । संकलन भएको रगत हेटौंडा अस्पताल, चुरेहिल लगायत बाहिरी जिल्ला चितवनमा पनि खपत हुने गरेको प्रमुख दाहालले बताए ।

यसैबीच, रगत अभावकै बेला हेटौंडा स्कुल अफ म्यानेजमेन्टको आयोजनामा शुक्रबार रक्तदान कार्यक्रम भएको छ । रक्त सञ्चार केन्द्र हेटौंडाको प्राविधिक समन्वयमा रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा ४३ जनाले रक्तदान गरेका थिए । रक्त सञ्चार केन्द्रका प्राविधिक विष्णु रिमालले रगत अभाव भएका कारण रक्तदान कार्यक्रम शनिबार र आईतबार पनि रहेको उनले बताए ।

# मेयरको अधिकार कटौती गर्न मिल्दैन: प्रवक्ता न्यौपाने



साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ हेटौंडा उपमहानगरपालिका प्रवक्ता सविन न्यौपानेले मेयरको अधिकार कटौती गर्न नमिल्ने बताएका छन् । नेकपा एमालेले मेयरको अधिकार कटौतीको माग राख्दै नगरसभा बहिष्कार गरेपछि पत्रकार सम्मेलन गर्दै हेटौंडा-१ का वडाअध्यक्ष समेत रहेको युवा नेता न्यौपानेले यस्तो दावी गरेका हुन् ।

'मेयरको संलग्नता विनाको निर्णय मान्य हुँदैन । बहुमतले निर्णय गर्ने भएपनि त्यसमा मेयरको संलग्नता अनिवार्य चाहिन्छ । त्यसकारण एमालेका साथीहरुले राख्नु भएको माग गलत छ ।', प्रवक्ता न्यौपानेले मेयरको अधिकार कटौनी कानुनअनुसार नभएका कारण न्यायोचित नहुने दावी गरे ।

'एमालेले बहुमतको दम्भले मेयरको अधिकार आफूमा तान्ने दुश्प्रयास गरिरहेको छ । यो कदापि ठिक हेइन ।', हेटौंडा उपमहानगरको वैठक कार्यविधि प्रदेश र संघीय कानुनसँग नबाभिने उनले बताए । 'संघ र प्रदेशको कानुनसँग हामीले बनाएको कानुन बाँभिदैन ।', उनले भने ।

तत्कालिन हेटौंडाको मेयर हरिबहादुर महत हुँदा र एमालेकै बहुमत रहेको अवस्थामा बनाइएको कानुन भएका कारण संशोधन नगर्ने पक्षमा सत्तारुढ गठबन्धन रहेको छ ।

एमालेको अवरोधका कारण हेटौंडाको नगरसभा आइतबारका लागि पुनः बोलाइएको छ । गणपुरक संख्या नपुगेपछि नगरसभा स्थगित गरिएको थियो । नगरसभामा एमालेको बहुमत रहेको छ ।

# सहमतिपछि रिद्धिसिद्धी सिमेन्ट उद्योग सुचारु

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ स्थानीयसँगको सहमतीपछि रिद्धिसिद्धी सिमेन्ट उद्योग शुक्रबारबाट सञ्चालनमा आएको छ ।

विवादका क्रममा हात हालाहाल भएपछि रिद्धिसिद्धी सिमेन्ट उद्योगले स्थानीयलाई प्रहरी लगाई पक्राउ गरेको भन्दै आन्दोलित स्थानीयले उद्योग बन्द गराएका थिए । उद्योग सञ्चालनको लागि सरोकारवालाहरुको शुक्रबार छलफलबाट समाधान निकालेको जनाएका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष तथा रोजगारदाता परिषद्का सभापति उज्जल चौलागाईको संयोजकत्वमा समस्याको सम्बोधन गर्ने तय भएपछि उद्योग संचालनमा आएको हो ।

सिमेन्ट उत्पादनको लागि आवश्यक कच्चा पदार्थ भारतीय सवारीसाधनबाट ढुवानी भएको सम्बन्धमा अध्ययन गरिने, वैज्ञानिक भाडादर निर्धारण गरी कार्यान्वयनमा ल्याइने सहमती भएपछि उद्योग सञ्चालनमा आएको संघका उपाध्यक्ष चौलागाईले बताए ।

# वैदेशिक रोजगारमा जानेलाई स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १० असार/ वैदेशिक रोजगारमा जानेहरुको लागि शुक्रबार हेटौंडामा स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम भएको छ ।

पछिल्लो अध्ययनको लागि विदेश जाने विद्यार्थीहरुलाई रोजगारीमा हुँदा ध्यान दिन पर्ने विषयहरु, पेशागत समस्या साथै रोग तथा समाधानका विषयमा अन्तरक्रिया हो ।

स्वास्थ्य कार्यलय मकवानपुरको आयोजनामा भएको कार्यक्रममा शिक्षा आर्जन गर्न विदेश गएपनि कुनै रोजगारीमा आवद्ध हुनपर्ने अवस्थामा कुन पेशाले स्वास्थ्यमा कस्तो असर पार्दछ भन्ने विषयमा समेत सचेत पारिएको थियो । थर्ड आई एजुकेशनल सेन्टरमा भएको कार्यक्रममा पालुङ स्वास्थ्य केन्द्रका प्रमुख शक्ति चौरासियाले प्रस्तुती र सहजीकरण समेत गरेका थिए ।



# १३ केजी गाँजासहित एकजना पक्राउ



बारा, १० असार/ निजगढ नगरपालिका-१ धनसर पुल नजिकबाट १३ केजी अवैध लागूऔषध गाँजासहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुर बकैया गाउँपालिका-३ बस्ने ३३ वर्षीय लाल काजी रहेका छन् । उनलाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको हो ।

प्र.३-०२-०१० प ३४९३ नम्बरको मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार हाल पहिचान नखुलेकी महिलाले बोकेको झोला फाली जंगलतर्फ भागेकी थिइन् ।

त्यसपछि प्रहरीले सो झोला र मोटरसाइकल चालक लाल काजीले बोकेको झोला तलासी गर्दा उक्त परिमाणको लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो ।

हाल फरार महिलाको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ । -साभार: रातोपाटी





बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय, हेटौंडा

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- करदाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाईसक्नु पर्नेछ ।
- समयमा कर तिरौं, जरिवानाबाट बचौं ।
- सवारी चालक अनुमतिपत्रको नयाँ Online Form खुलेकाले यस अघि Form भरेकाहरुको Form खारेज भएको हुँदा नयाँ Online Form भर्नु हुन अनुरोध छ साथै Form भर्दा आफ्नो शुद्ध र स्पष्ट विवरण भर्नु होला कुनै त्रुटी भएमा यस कार्यालयबाट सच्याउन नमिल्ने जानकारी गराइन्छ ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेशभित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र जारी हुने भएकाले दर्ता भएको कार्यालयमा नै जानुपर्नेछ ।
- नेपाल सरकारको निर्णयानुसार सवारी साधनमा इम्वोष्ड नम्बर प्लेट जडान गर्नु पर्ने भएकाले आफ्नो सवारी दर्ता रहेको कार्यालयमा सम्पर्क गरी जडान प्रकृया शुरु गर्नु हुन अनुरोध छ ।

"सक्षम निजामती प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं.: ०५७-५२६१४६,
ई-मेल ठेगाना: (प्रशासन: admin.hetaudayatayat@bagamati.gov.np),
(सवारी: sawari.hetaudayatayat@bagamati.gov.np),
(लाइसेन्स: license.hetauddayatayat@bagannati.gov.np)

## हार्दिक समवेदना



जन्म: १९९१ /११/०५
स्वर्गारोहण: २०७९/०२/३०
स्व. गोविन्दप्रसाद खतिवडा

दिव्यतारा बहुउद्धेश्यीय सहकारी संस्था लि.का संस्थापक सदस्य एवम् लेखा समीति संयोजक श्री प्रकाश खतिवडा ज्यूको पुजनीय पिता **स्व. गोविन्दप्रसाद खतिवडाको** स्वर्गारोहण भएकोमा हामी अत्यन्त दुःखी भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**दिव्यतारा बहुउद्धेश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालय हेटौडा २, मकवानपुर

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## हार्दिक समवेदना



जन्म: १९९१ /११/०५
स्वर्गारोहण: २०७९/०२/३०
स्व. गोविन्दप्रसाद खतिवडा

नेपाल परिवार नियोजन संघका पूर्व सभापति श्री प्रकाश खतिवडा ज्यूको पुजनीय पिता **स्व. गोविन्दप्रसाद खतिवडाको** स्वर्गारोहण भएकोमा हामी अत्यन्त दुःखी भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

निगमलाल श्रेष्ठ (सभापति)
**नेपाल परिवार नियोजन संघ मकवानपुर, परिवार**

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना